# लीलासूत्रको व्याख्या

मुङ्गा राई, सिक्किम

## १. विषय प्रवेशः

*"म मान्छे हुँ यहाँ मेरो जन्म महत्त्वपूर्ण छ,*
*म अरूभन्दा भिन्दै बन्ने हक राख्दछु*
*भन्न सक्ने पार्ने जे छ अज्ञानता नै*
*भए पनि त्यही मलाई प्रिय छ।"*

(इन्द्रबहादुर राई; *'मेरोजन्म' घाँसी, १९६०*)

नेपाली साहित्य सिर्जनाका क्षेत्रमा 'लीलालेखन' सिद्धान्तको सूत्र स्थापना गरी पारम्परिक साहित्यभन्दा नयाँ वैचारिक दृष्टिकोण लिएर देखापर्ने साहित्यकार डा. इन्द्रबहादुर राईको लीलासूत्रको संक्षिप्त व्याख्या गर्ने यस लेखको अभिप्राय रहेको छ। डा. राईको लीला लेखनको मूलसूत्र यसप्रकार रहेको छः

*"लीलादृष्टि आयामिक 'वस्तुता' धारणाबाट बढेको।...औपनिषदिक माया, बौद्ध शून्य, जैन स्याद्वाद, भौतिकविज्ञानिक सापेक्षवाद , मनोविश्लेषणात्मक फ्रायडवाद , गेस्टाल्ट मनोविज्ञान, मार्क्सवादीय 'आइडियलजि'-को सिद्धान्त, विनिर्माणवाद आदिबाट आधार र सकार लीलालेखनलाई प्राप्त। क्वान्टम फिजिकस्‌बाट पनि। अनिः लोकवत्तु लीलाकैवल्यम्" (इन्द्रबहादुर राई;कठपुतलीको मन, १९८८)।*

डा. राईले पूर्वीय र पाश्चात्य दर्शन तथा विज्ञानको सम्मिश्रण गरी लीलालेखन सिद्धान्तको प्रतिपादन गर्नुभएको छ। उहाँले निम्नलिखित सूत्रलाई लीलालेखनगत साहित्यिक सिद्धान्तका रूपमा लिनुभएको देखिन्छ।

## १.१ वस्तुताः

वस्तुभित्र भएको गुण, विशेषता र अर्थहरूले वस्तु हुनुको महत्त्वलाई जनाउँछ। कुनै पनि वस्तुत्त्वको **'त्त्व'** हेर्ने दृष्टिकोण प्रत्येक मान्छेको फरकफरक हुन्छ। वस्तुलाई सबैको दृष्टिले एउटै देख्दैन, चारजना अन्धाले हात्ती छामेर दिएको मतमा फरक पर्दछ। यसरी नै प्रत्येक व्यक्तिको दृष्टिकोणमा पृथकता पाइन्छ। फलतः भ्रम वा लीलाको सिर्जना हुनपुग्छ। वस्तुको वस्तुता स्वतन्त्र, अर्थनिरपेक्ष, साक्षात्कार, तात्कलिक र तादात्मिक हुन्छ। अतः वस्तुको वस्तुतालाई अर्थ, मूल्य, विशेषता र विशेषण भरेर मानिसले आफ्नो प्रकारले उपभोग गर्दछन्। लीलालेखन सिद्धान्तलाई अँगालेर लेखिएको डा. राईको **कठपुतलीको मनमा** सङ्ग्रहित, *'मिथक मात्र'* कथामा एउटा वस्तुको वस्तुतालाई राजा(बाबु), युवराज (छोरा) र प्रजाले विभिन्नार्थमा हेरेका छन्। दृष्टान्तः

*"भन्दैछन्- छोराले भन्यो भुइँ लासजस्तो चियो भइसक्यो।.........पिता राजा करायो- 'जितेर फेरि शक्ति प्राप्त गुर्छ, उर्वरता ल्याउँछु। दुबोहरू ! रूखहरू! ममा शक्ति बढ़ाएर...."*

*(इन्द्रबहादुर राई; **कठपुतलीको मन,** १९८९)*

राईका *'बाघ'* कथामा वस्तु बाघलाई श्रीमती राय र गोविन्दले आआफ्नै प्रकारले हेरेका छन्। यसरी वस्तुको **'त्त्व'** देख्नेक्रममा बुद्धिले फरकफरक अनुभाव गर्नु नै लीलालेखनको वस्तुता हो।

## १.२) औपनिषदिक मायाः

उपनिषद् ग्रन्थले 'माया' शब्दलाई मिथ्य र ईश्वरीय शक्ति भनेर द्वैध अर्थमा व्याख्या गरेको छ। शङ्कराचार्यले 'माया' ब्रह्माको भ्रम वा भ्रान्ति हो भन्नुभएको छ भने कुनै नयाँ वस्तुको सिर्जना र कालिगढलाई पनि 'माया' भन्ने चलनरहेको छ। लीलालेखन सिद्धान्तमा 'औपनिषदिक माया' भन्नाले अघिबाटै सबै कुरा बुझ्न सकिँदैन, भ्रमको पहिचान गरेपछि मात्र सत्यको पहिचान गर्न सकिन्छ भन्ने अर्थमा व्यक्तभएको छ। यस तथ्यलाई डा. राईले *'घाँसीसँग'* कथामा यसरी व्यक्त गर्नुभएको छः*'लेखन-सिद्धान्त, लेखन योजना बनाएर कति टाढा हिंडिसकेपछि भेटें।'*

*(इन्द्रबहादुर राई; **कठपुतलीको मन,** १९८९)*

## १.३ बौद्ध शून्यवादः

बौद्ध दर्शनको **'त्रिपिक'** ग्रन्थमा वस्तुको आफ्नो स्वभाव हुँदैन र सबैको रूप शून्य हुन्छ भनिएको छ। यस कुरालाई डा. राईले नागार्जुनको शुन्यवादको उदाहरण दिएर यसरी प्रष्ट पार्नुभएको छः *"ए,बी.हो, साँचो हो। ए,बी. होइन त्यो पनि साँचो हो। ए, ए, पनि होइन, बी.बी. पनि होइन त्यो पनि साँचो हो। बी,बी हो, त्यो पनि साँचो हो। यही हो शून्यवाद।"* बौद्ध शून्यमा

वस्तुको ठम्याइमा देखिने अन्योलतालाई लीलालेखनले ग्रहण गरेको छ। डा. राईद्वारा लिखित *'कठपुतलीको मन'* कथामा गुरुप्रसाद मैनालीद्वारा लिखित *'परालको आगो'* कथाको कथावस्तु, घटना चरित्र, परिवेश आदि समान छन् तर *'परालको आगो'* मा जस्तो *"लोग्ने स्वास्नीको झगडा परालको आगो"* भन्ने उक्ति परिवर्तन गरी कुनै पनि कुरा वा विषय सधैंको निम्ति त्यही रूपमा समान रहँदैन परिवर्तित हुन्छ भन्ने कुरालाई बौद्धशून्यवादबाट पुष्टी गरिएको छ।

**१.४ भौतिक विज्ञान सापेक्षवादः**

यस वादले कुनै व्यक्ति वस्तुको मापन तुलनात्मक रूपमा गर्नुपर्छ भन्दछ। यस सिद्धान्तलाई आइन्सटाइस्ले $E=mc^2$ सूत्रमार्फत सन् १९०५ मा प्रतिपादन गर्नुभएको हो। 'E' ले शक्ति 'M' ले मास वा पिण्ड र 'C' ले प्रकाशको गतिलाई जनाउँछ (सुमन्तराज न्यौपाने; ***इन्द्रबहादुर राईको लीलालेखन* २००६**)। यसैको आधारमा न्यूक्लियिर बम बनेको हो। एउटा वस्तुको विष्फोटनले धेरैवटा वस्तुको विस्फोटन हुन्छ र वस्तुको धेरैवटा तत्त्वसँग एकैसाथ तुलना गर्न सकिनछ भन्ने कुरालाई डा.राईले *'महारूदन'* कथामा देखाउनुभएको छ। यस कथाको पात्रा ठूली गाग्रोको पानी पोखिएको निहुँमा रून थालेपछि अन्यन्य सहायक कारणहरूले गर्दा उसको रूवाई महारूदन बनेको छ। ठूलीले एकपछि अर्को दुःखको कुराहरू सम्झदै रूदाँ उसको रूवाइ विभिन्न कारणहरूको पुञ्ज बनेर महारूदन बनेको छ।

**१.५मनोविश्लेषनात्मक फ्रायडवादः**

सिग्मण्ड फ्रायडले मनोविश्लेषणात्मक अध्ययनका क्रममा मानव जातिमा निहित इद, अहम् र पराअहमको चर्चा गर्नुभएको छ। आफ्नो अहम रक्षाकानिम्ति मानिसले आफ्नो बाबुआमासम्मको हत्या गर्नसक्छ भन्ने कुरालाई डा. राईले *'मिथक मात्र'* कथामा व्यक्त गर्नुभएको छ। यस कथामा आफ्नो 'इद्' तुष्टि तथा राजसत्ता अहम्का निम्ति युवराज तथा छोराले आफ्नो वृद्ध पिताजी (राजा) लाई बध्याशिलामा लगेर काटेर हत्या गरेको प्रसङ्गलाई कथामार्फत देखाइएको छ। दृष्टान्तः *"सेतो काटियो गर्धन। कैलो मासु देखें। चिच्याए हर्षहरू। रातोको आहाल बढ्दै आयो। डाँड़ामा पनि त्यस रात बूढो वर्षको चिता जलाइयो" (इन्द्रबहादुर राई;**कठपुतलीको मन,** १९८९)*

**१.६ गेस्टाल्ट मनोविज्ञानः**

पारम्परिक मनोविज्ञानलाई कोरा स्वीकार्दै सन् १९१२ मा जर्मनबाट गेस्टाल्ट मनोविज्ञानको प्रारम्भभएको हो। गेस्टाल्टवादीहरूको धारणामा पानीको फोकामध्ये एउटा फोका फुटनसाथ अन्य फोकाहरू स्वतः नष्टभएर जान्छ। यस तथ्यलाई *'महारूदन'* कथामा पानी पोखिएको निहुँमा ठूलीले आफ्नो परिवार, मृतक आमा, लोग्ने, आर्थिक अवस्था, वृद्ध बिरामी बाबु, माइतीघर छोडेर जानुपार्ने, बहिनीको कारण आफू अपमानित भएको बोध आदि कुरालाई

सम्झदै रूनुबाट व्यक्त गरिएको छ।

### १.७ माक्सवादीय आइडियलिजमः

यस सिद्धान्तको आधारशिला हेगेल, एङ्गेल्स, कालमार्क्स हुन भने यसलाई लेलिन, गोर्की, प्लेखानव, लुनी, यार्स्की, जर्ज लुकास आदिले ऊर्जा प्रदान भर्नुभएको हो। आदिम समाजदेखि उत्तराधुनिक समाजको द्वन्द्वात्मक इतिहासमा आदिम समाज, दाससमाज, अर्थदास समाज, पूँजीपति समाज, श्रमिक समाज, सर्वहारा समाज, उपभोक्ता समाज अनि शोषक र शोषित समाजका रूपमा आर्थिक अर्थमा समाजको विभाजनभएको पाइन्छ।

आर्थिकरूपमा समाज विभाजनको माक्सवादी सिद्धान्तलाई डा. राईले *'विश्व तिम्रा चरणमा'* कथामार्फत व्यक्त गर्नुभएको छ। यस कथामा सर्वहारा र निम्नवर्गका निम्ति विश्वरूपी सुपर मार्केट आर्थिक अभावका कारण अनुपयोगी बनेको छ भने पूँजीपति र उच्चवर्गका निम्ति सुपरमार्केट दैनन्दिन उपयोगी बनेको कुरालाई देखाइएको छ। यस कथामा सुपरमार्केट पुगेको उपभोक्तालाई बिक्रेताले दोकानेको जम्मै समान देखाउँदै *"यी तपाईं कै निम्ति हुन्"* भन्ने सन्दर्भले यस्तो लाग्छ कि विश्वको ऐसआराम उपभोगक्ताको चरणमा छ तर असमर्थ उपभोक्ताका निम्ति त्यो बजारको समान किन्ने क्रम क्षमताको अभावमा अर्थहीनभएको छ। यहाँ विश्वका सर्वहारावर्ग वस्तुको उपभोग मूल्यसँग हारेको छ। वर्तमान प्रजातान्तिक समाजमा हर्नुगरेको मार्क्सवादीय राजनैतिक द्वन्द्व भनेको वर्ग सङ्घर्षको भावनात्मक अपरहण हो। शासक जुन वर्गको छ शासितहरू त्यसै वर्गमा जाने गर्दछन्। दृष्टान्तमा रमेश विकलको *'लाहुरे भैंसी'* लाई लिनसकिन्छ। वर्तमानका मानिसहरू सम्पन्नवर्गको आइडियलजीमा बाँच्न चाहन्छन्। सम्पन्न मानिसहरू अझ धनी र सम्पन्न हुने प्रयासको आइडियोलोजीलाई आत्मसाथ गर्दछन्। समाजको विकासमा वर्गबीच द्वन्द्वात्मक सम्बन्ध रहँदैआएको छ। समाजमा हुने राजनैतिक, आर्थिक, भौतिक, सांस्कृतिक तथा शैक्षिक क्रियाकलापहरू बिम्ब, प्रतीक, व्यङ्ग्यमार्फत प्रतिविम्बित हुनेगर्छ भन्ने मार्क्सवादीय आइडियोलोजी रहेको छ। डा. राईको लीलालेखनले सत्य वर्गीय हुन्छ भन्ने चिन्तनलाई कथामा व्यक्त गर्नुभएको छ। दृष्टान्तः

*"संविधानमा सब हक छ हाम्रो, तर छ हाम्रा?"*

(इन्द्रबहादुर राई; **कठपुलतीको मन**, १९८९)।

### १.८ व्यवहारवादः

मानिसको दैनन्दिन जीवन र कार्यशैलीसँग सम्बद्धरहेको दृष्टिकोणलाई व्यवहारवाद भनिन्छ। कुनै पनि सिद्धान्त दृष्टिकोण, धारणा वा विचार त्यसबेला सत्य मानिन्छ जब त्यो व्यवहारिक रूपमा सत्य र सही ठानिन्छ। तथापि मानिसले कुनै समय सत्य र सही ठानेको दृष्टिकोण वा

व्यवहार अन्तिम सत्य भने नहनु पनि सक्छ। परिस्थितिअनुसार सत्य र दृष्टिकोण परिवर्तन
हुन्छ। एक समय र स्थानको सत्य अर्को समय र स्थानमा परिस्थितिअनुरूप बेठीक पनि
हुनसक्छ भन्ने व्यवहारवादको मान्यतालाई डा. राईले लीलालेखनमा प्रयोग गर्नुभएको छ। डा.
राईको **'कठपुतलीको मन'** मा सङ्ग्रहित *'घाँसी'* कथामा भानुभक्तले घाँसीबाट प्रेरणा पाएर
साहित्यको सिर्जना गर्नुभएको र आफ्नो नाउँका निम्ति घाँसीले कुवा खनाएको कुरा वर्तमानमा
आएर बेठीक भएको छ। कथामा घाँसीले कविको कीर्ति तथा नामभन्दा परिवार र सम्पतिलाई
महत्त्व दिन्छ। ऊ समाजलाई आवश्यक परे धारा-कुवा आदि सरकारले बनाइ दिन्छ तथा सबै
मिलेर बनाउनुपर्छ भन्ने मान्यता राख्दछ। दृष्टान्तः *"तपाई अझै किताबै लेख्ने?' सोधे तिनले।
'अरू क्यै काम नगर्ने?... धारा आफै बन्छ?...... बनाइदिनु कसैले किन?.... धारा छैन, बनाउन
पर्छ भने मिलेर एकदिन बनाउँछौं हो। बनाई छाड्छन्।'...आजै बिचार्नखोजेर 'अग्रयायी'
बन्नचाहन्छौं। बाझोहरू जन्माउँछौं"* (इन्द्रबहादुर राई; **कठपुलतीको मन, १९८९**)।

### १.९ समालोचनात्मक पाठकीय सिद्धान्तः

कुनै पनि कृतिको प्रकाशपछि त्यो लोकको सम्पत्ति बन्दछ। पाठकले कृतिको पठनपछि कृतिको
अर्थ लगाउनुपर्छ भन्ने यस सिद्धान्तको अर्थ हो। एउटा कृतिको जति पाठक हुन्छ त्यति नै
संख्यामा पाठकहरूका आआफ्ना् अवधारणा हुन्छ। डा. राईको लीलालेखनमा पाठकीय समालोचनाको
अभिप्राय प्रत्येक पाठकको कृति अध्ययनको अर्थमा मतको भिन्नता तथा व्यक्तिनिष्ठ अर्थ
निर्धारण हुन्छ भन्ने हो। यस कुरालाई **'रूप एक अनेक पठन'** पुस्तकले प्रमाणित गरेको छ।
यस सिद्धान्तको मूलमर्म भनेको कृति अध्यता पाठकको अन्तिम अर्थ एउटै हुँदैन र प्रत्येक
पाठमा कृतिप्रतिको समालोचना तथा धारणामा मतभेद हुन्छ भन्ने हो। डा. राईको यस
आधारलाई बुझ्नका निम्ति उहाँकै कृतिका समालोचकहरू डा. उदय छेत्री, कृष्ण धारावासी, डा.
धनश्याम शर्मा, लक्खीदेवी सुन्दास, डा. ऋषिराज बराल, पेम्पा तामाङ, आदिको लेख पढे स्पष्ट
हुन्छ।

### १.१० विनिर्माणवादः

यसवादले निश्चित र अन्तिम सत्यलाई स्वीकार्दैन। ज्याक डेरिडाअनुसार कुनै पनि कृति वा
भाषिक संरचनाको एउटामात्र अर्थ हुँदैन। पाठकले पढ्दा जतिसुकै सही पठन गर्छु भने पनि
विपठन भने भएकै हुन्छ। साहित्य भौतिक रूपमा सिर्जना हुनसक्दैन त्यो पुनसंयोजनमात्र हो।
कुनै पनि शब्दले प्रदान गर्ने अर्थ शब्दमामात्र निहित हुँदैन। दृष्टान्तः *"टेप हुन्छ बोलेको, मन
टेप हुँदैन"* (इन्द्रबहादुर राई; **कठपुतलीको मन, १९८९**)।
विनिर्माणवादलाई डा. राईले **कठपुलतीको मन** कथामा अति उत्तमरूपमा प्रयोग गर्नुभएको छ।
यस कथामा गुरुप्रसाद मैनालीको *'परालको आगो'* कथालाई परिवर्तन गरी पुनर्लेखन गरिएको

छ। लोग्ने स्वास्नीको झगडा परालको आगो मात्र नभएर त्यसले विविध रूप लिन सक्ने सम्भावनालाई अन्य उपकथा तथा प्रसङ्गले प्रष्टपारिएको छ। यस सन्दर्भलाई डा. इन्द्रबहादुर राईसँग डा. राजेन्द्र भण्डारी र डा. वत्सगोपालले लिएको वार्तामा उहाँले यसरी स्पष्ट पार्नुभएको छ *"मलाई 'परालको आगो' कथा वस्तु थियो, त्यस वस्तुलाई मैले 'कठपुतलीको मन' प्रकारले हेरें । दुवै हेराइ आत्मगत र भनौं भ्रान्ति मात्र। एक भ्रान्तिको अर्को भ्रान्ति रूप वा विधिले उद्घाटन"* (इन्द्रबहादुर राई, ***लीलालेखन वार्ता र अन्तर्वाता,१९९९***)।

**१.११ क्वान्टम फिजिक्स्ः**

यस सिद्धान्तको बिजविन्दु न्युटनमा पाइन्छ। क्वान्टम फिजिक्स् आफैं सम्भावनाको विज्ञानभएकाले यसले पार्टिकलको निश्चित मूल्य हुँदैन भन्ने मान्यता राख्दछ। डा. राईले क्वान्टम फिजिक्स्को अनिश्चितता र सम्भावनाको सिद्धान्तलाई *'मिथक मात्र'* कथामा प्रयोग गनुभएको छ। यस कथामा राजा तथा आफ्नो वृद्ध बाबाको हत्या गरेर छोरा राजा बन्न सफल भए तापनि भविष्यमा त्यही छोरा पनि वृद्धि हुँदा उसकै छोराले सत्ताका निम्ति उसको बध गर्ने सम्भावना तथा भविष्यको अनिश्चिततालाई ब्यक्त गरिएको छ।

**१.१२ लोकवत्तु लीलाकैवल्यम्ः**

वादरायनले विश्व माया वा भ्रम हो र परमसत्य भनेको परब्रहममात्र हो जुन विश्लेषणहीन रूपहीन, अदृश्य र अगोचर हुन्छ भन्ने मान्यता राख्नुभएको छ। लोकवत्तु लीलाकैवल्यमको अर्थ संसारिक तथा भौतिक लोकमा रहे तापनि यस लोकमा रहेर लीला तथा माया गरी मुक्ति प्राप्त गर्नु भन्ने हुन्छ। यस सन्दर्भमा डा. राई भन्नु हुन्छः *"यस संसारमा कृष्ण र रामले आ-आफ्नो लीला गरेर देखाएर जानुभयो। तर, भित्र त उहाँहरूमा यो ज्ञान रहेकै थियो, म राम भएर यहाँ काम गर्दैछु, कृष्ण भएर काम गर्दैछु, तर म विष्णु हुँ र म यस संसारमा लिप्त छैन। यस संसारदेखि म अलग्ग छु। संसार मै हुँदाहुँदै पनि अलग्ग छु।"* दृष्टान्तः *" चामेले भन्यो, एक भएका दुइ थियौं। गौंथली पोहोर खनिन्। म आधा रहेकोछु। म पनि जान्छु"* (इन्द्रबहादुर राई; ***कठपुतलीका मन, १९९९***)।

**१.१३ सैलो बाच्ने खेल तथा कर्तब्य र अस्तित्वको चिन्तनः**

डा. राईले गीताको कर्मयोग र ज्ञानयोगलाई लीलालेखनमा समावेश गर्नुभएको छ। उहाँको लीलालेखनगत सिर्जनाको मुख्य सार नै कर्मभूमिमा छौं; त्यसैले मान्छेले आफ्नो कर्म र कर्तब्य पूरा गर्नुपर्छ भन्ने हो (डा. उदय छेत्री; **'समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन'** २००७)। यस सन्दर्भलाई अझ स्पष्ट पार्दै डा. राई भन्नु हुन्छः *"लीलालेखनले सामाजिक, आर्थिक, राजनैतिक, वैचारिक तथा भावगत तहमा अक्रिय वा निक्रिय रहन भन्दैन। **'कठपुतलीको मन'**- मा तल कसैको गोठमा आगो लागेको देख्दा चामे*

*जान्छ जुठेलाई पनि लान्छ गाईवस्तु बचाउन, सघाउन। लीलालेखनले कसैमाथि आक्रमक नहुन भन्छ। अनाशक्त आशक्तिको निष्काम क्षेत्र खुल्छ यसरी"* (इन्द्रबहादुर राई; **पृष्ट-पृष्ट, १९९५**)। मान्छेले समाजमा जन्मग्रहण गरेपछि उसले आफ्नो कर्तव्य पनि सँगै लिएर आएको हुन्छ भन्ने कुरालाई डा. राईले लीलालेखनगत कथामा व्यक्त गर्नुभएको छ। यस सन्दर्भलाई डा. उदय छेत्रीले आफ्नो विधावारिधिको शोध **समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययनमा** यसरी प्रस्तुत गर्नुभएको छः *"कठपुतलीको मन कथासंग्रहका कथाहरूमा मानव जीवन क्षणिक र लीलामय भए तापनि समाजमा मानिसहरूको आफ्नो कर्मभूमिप्रतिको उत्तरदायित्व रहेको हुन्छ त्यसैले लीलामय कर्मक्षेत्रमा बाँच्नका निम्ति मानिसहरूले विभिन्न कर्तव्य पूरा गर्नुपर्छ र आफ्नो अस्तित्व एवंम अस्मिताका निम्ति क्रियाशील रहनुपर्छ भन्ने विश्वदृष्टि व्यक्तभएको छ। भारतको संविधानमा सबै हक र अधिकार नागरिकलाई प्राप्त हुने प्रावधान छ तर ती सम्पूर्ण अधिकार भारतीय नेपालीलाई प्राप्त छैन तथापि मानव जीवन बाँच्ने क्रममा जीवनमा आइपरेका अस्तित्वको संकटदेखि लिएर व्यक्तिगत दुःख, कष्ट तथा पीडालाई स्वीकारेर कर्तव्यशील भएर बाँचनु नै सबैभन्दा महान् कुरा हो र बाँचपछि नै मान्छेले आफ्नो उत्तरदायित्त्र तथा कर्तव्यहरू पूरा गर्नसक्छ। मान्छेले यस लीलामय संसारमा जन्म ग्रहण गर्नु नै मानव जीवनको कर्मक्षेत्रमा प्रवेश गर्नु हो र यस कर्मक्षेत्रमा आफ्नो भूमिका तथा कर्तव्य पूरा गर्नाका निम्ति मानवले बाँच्नुपर्छ भन्ने विश्वदृष्टि डा. राईले यस कथासंग्रहका कथामार्फत व्यक्त गर्नुभएको छ"* (डा. उदय छेत्री, **समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन, २००७**)

**निष्कर्षः**

डा. इन्द्रबहादुर राईको साहित्यिक आधारशिला प्रारम्भमा समाजोन्मुखी यथार्थवाद थियो भने विकसित तथा आयामेली चरणमा जीनोन्मुखी बन्यो भने वृद्धावस्था तथा लीलालेखनमा कर्तव्यशील अध्यात्मोन्खी रहेको देखिन्छ। संक्षेपमा भन्नुपर्दा डा. राईको साहित्यिक यात्रा सामाजिक याथर्थवादबाट आन्तरिक जीवनभित्र प्रवेश गर्दै जीवनगत कर्तव्यशील जातीय तथा मानवीय अस्मिताको अन्वेषणमा लीलालेखनगत साहित्य लेखनले प्रवेश गरेको देखिन्छ।